टी-२० विश्वकप छनोट

अपराजित रहँदै नेपालले जित्यो ट्रफी

अन्नपूर्ण | *काठमाडौं*

आइसीसी टी२० विश्वकप एसिया तथा पूर्वी एसिया प्यासिफिक क्षेत्र छनोटको अन्तिम खेलमा सामोआलाई हराउँदै नेपालले प्रतियोगिताको ट्रफी जितेको छ। नेपालले सामोआलाई १ सय २४ रनको फराकिलो अन्तरले पराजित गरेको हो।

यो उपाधि नेपाली राष्ट्रिय क्रिकेट टिमका लागि आईसीसीको पहिलो उपाधि हो। ओमानको अल अमेरत क्रिकेट स्टेडियममा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २ सय ११ रन बनाएको हो।

नेपालले दिएको २१२ रनको विजयी लक्ष्य पछ्याएको सामोआले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ८७ रन मात्रै जोड्यो। सामोआको लागि ओपनर ब्याटर सामोआका लागि सिन सोलिआले सर्वाधिक ४० रन बनाए। उनले ३७ बलमा २ चौका र १ छक्का प्रहार गरे। बेन्जामिन माइलाटाले ११ रन बनाए। अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

नेपालका लागि बलिङतर्फ ललित राजवंशीले सर्वाधिक ३ विकेट लिए। सन्दीप लामिछाने, करण केसी र रोहित पौडेलले १-१ विकेट लिए।

त्यसअघि, ब्याटिङ गरेको नेपालका लागि आसिफ शेखले सर्वाधिक ६९ रन बनाए। उनले ४१ बलमा ७ चौका र ४ छक्का प्रहार गर्दै क्याच आउट भएका थिए। कुशल भुर्तेलले १७ रन बनाउँदा तेस्रो क्रममा आएका दीपेन्द्र सिंह ऐरीले पनि अर्धशतकीय पारी खेले। उनले ३३ बलमा २ चौका र ४ छक्का प्रहार गरेर ५३ रन बनाए। आरिफ शेखले ९ ले बनाए। रोहित पौडेल २१ र लोकेश बम ३९ रनमा अपराजित रहे।

सामोआका लागि डेनिअल बुरगेस, साउमानी तिआइ, दरिउस विसर र नोआ मिडले १-१ विकेट लिए।

नेपालले सुपर सिक्सको पहिलो खेलमा यूएईलाई १ रन, दोस्रो खेलमा कतारलाई ५ रन र तेस्रो खेलमा ओमानलाई ३८ रनले पराजित गरेको थियो। एसिया र पूर्वी एसिया प्यासिफिक क्षेत्र छनोटबाट नेपाल, ओमान र यूएईले २०२६ को भारत र श्रीलंकामा हुने विश्वकपमा स्थान बनाएका छन्। जापान, कतार र सामोआले सुपर सिक्ससम्म स्थान बनाएका थिए।

नेपालले सन् २०१० मा आईसीसीको लिग डिभिजन ५ को उपाधि जितेको थियो। पछिल्लोपटक नेपालले सन् २०१४ मा आईसीसी डिभिजन चारको उपाधि जितेको थियो।

तस्बिर : क्यान

सत्यमेव जयते

भारतीय राजदूतावास

काठमाडौं

भारतीय राजदूतावास, काठमाडौंले महात्मा गान्धी छात्रवृत्ति योजना (MGSS) तथा स्वर्ण जयन्ती छात्रवृत्ति योजना (GJSS) का लागि नेपालमा अध्ययनरत नेपाली विद्यार्थीहरुबाट अनलाइन आवेदन आह्वान गर्दछ।

२०८२ आश्विन २० देखि कार्तिक १६ गतेसम्म **(06.10.2025 - 02.11.2025)** वेब पोर्टल **www.goischolarship.com.np** मार्फत अनलाइन आवेदन फाराम पेश गर्न सकिनेछ। उक्त पोर्टल २०८२ कार्तिक १७ गते राति १२ **(03.11.2025, 00:00 hrs.)** बजे बन्द हुनेछ। आवेदकले २०८२ कार्तिक १६ गते राति ११:५९ **(02.11.2025, 23:59 hrs.)** बजे सम्म आफ्ना आवेदन फारामहरु बुझाउन सक्नेछन्।

कक्षा ११ का लागि महात्मा गान्धी छात्रवृत्ति योजना २०२५-२६

१. योग्यता

- आवेदक नेपालको कुनै पनि मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत कक्षा ११ (डिप्लोमाको हुनुभएन) को नियमित विद्यार्थी हुनुपर्नेछ। *प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखद्वारा प्रमाणित कक्षा ११ मा विद्यार्थी अध्ययन गरिरहेको र अन्य कुनै स्रोतबाट* ***छात्रवृत्ति प्राप्त नगरेको*** *प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।*
- आवेदकले कक्षा १० मा कम्तिमा ६० प्रतिशत अंक (Aggregate) प्राप्त गरेको हुनुपर्नेछ। *कक्षा १० को लब्धाङ्क-पत्र अपलोड गर्नुपर्नेछ।*

स्नातक कोर्षका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना २०२५-२६

१. योग्यता

- आवेदक नेपालको कुनै पनि मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातक तह प्रथम वर्षमा अध्ययनरत (डिप्लोमाको हुनुभएन) नियमित विद्यार्थी हुनुपर्नेछ। *प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखद्वारा प्रमाणित स्नातक तहको प्रथम वर्षमा विद्यार्थी अध्ययन गरिरहेको र अन्य कुनै स्रोतबाट* ***छात्रवृत्ति प्राप्त नगरेको*** *प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।*
- आवेदकले कक्षा १२ (कक्षा ११ को अंक बाहेक) मा कम्तिमा ७० प्रतिशत अंक (Aggregate) प्राप्त गरेको हुनुपर्नेछ। *कक्षा १२ को लब्धाङ्क-पत्र अपलोड गर्नुपर्नेछ।*
- उमेरको हद: २०८३ असार १७ गतेसम्म आवेदकको उमेर १७ देखि २२ को बीचमा हुनुपर्नेछ।

- आवेदक नेपाली नागरिक हुनुपर्नेछ। *आवेदकले आफ्नो र अभिभावकहरु (आमा र बुवा दुवै) को नागरिकताको प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।*
- अपांगता भएका आवेदकको हकमा *नेपाल सरकारका (स्थानीय/जिल्ला प्रशासन कार्यालय, आदि) अधिकारीले जारी गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।*
- आवेदकको पारिवारिक वार्षिक आय ने.रु. २ लाख भन्दा कम हुनुपर्नेछ। *नेपाल सरकारका (स्थानीय/जिल्ला प्रशासन कार्यालय, आदि) अधिकारीले जारी गरेको हालैको आय प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।*

२. छात्रवृत्ति रकम तथा अवधि

छात्रवृत्तिका लागि छनौट भएका आवेदकहरुले वार्षिक ने.रु. २४,०००/- का दरले दुई वर्षसम्म (कक्षा ११ र १२) छात्रवृति पाउनेछन्।

उक्त छात्रवृत्ति निम्न कागजातहरू पेश गरेको खण्डमा मात्र कक्षा १२ मा पनि कायम रहनेछ :

१) कक्षा ११ को लब्धाङ्क-पत्रको प्रतिलिपि;

२) प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखले कक्षा ११ मा प्राप्त प्रतिशतका साथै कक्षा १२ मा गएको र अध्ययन जारी रहेको भनी रीतपूर्वक प्रमाणीकरण गरेको प्रमाणपत्र।

२. छात्रवृत्ति रकम तथा अवधि

छात्रवृत्तिका लागि छनौट भएका आवेदकहरुले निम्नानुसार छात्रवृत्ति रकम प्राप्त गर्नेछन्।

कोर्ष	प्रति वर्ष छात्रवृत्ति रकम (ने.रु.)	छात्रवृत्ति अवधि (वर्ष)
MBBS/BDS	**४८,०००/-**	५
B.E./B.Tech./B.Arch./ BAMS	**४८,०००/-**	४
अन्य कोर्ष	**३६,०००/-**	३

निम्न कागजातहरू पेश गरेपछि मात्र उक्त छात्रवृत्ति दोस्रो वर्ष तथा त्यस पछिका वर्षहरुका लागि कायम हुनेछ :

१) प्रत्येक वर्ष प्राप्त गरेको लब्धाङ्क-पत्र (हरु) को प्रतिलिपि ;

२) छनौट गरिएको कोर्षको अघिल्लो वर्ष प्राप्त भएको प्रतिशत (सेमेस्टर सिस्टमको हकमा aggregate प्रतिशत) सहित स्नातक तहको अर्को वर्ष/सेमेस्टरमा गएको र अध्ययन जारी रहेको भनी प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखले रीतपूर्वक प्रमाणीकरण गरेको प्रमाणपत्र।

छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले माथि उल्लिखित कागजातहरु **प्रत्येक वर्षको डिसेम्बर ३१ गते** सम्म मेल आइडि 'attacheedu.kathmandu@mea.gov.in' मा ईमेल मार्फत बुझाउन सक्नेछन्। छात्रवृत्तिका थप किस्ताहरू आवश्यक कागजातहरू प्राप्त गरेपछि मात्र बैंक खातामा (छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाममा दूतावासले खोलेको खातामा) जम्मा गरिनेछ। तोकिएको समय सीमामा कागजात प्राप्त नभएको अवस्थामा सो छात्रवृत्ति रद्द हुनेछ।

ध्यानदिनुपर्ने कुराहरु:

१. अन्य कुनै स्रोतबाट छात्रवृत्ति प्राप्त गरेका आवेदकहरू यी छात्रवृत्ति योजनाहरूका लागि योग्य मानिने छैनन्।
२. पोर्टलमा आवेदन पेश गर्दा आवेदकहरुले आफ्नो नाम, ठेगाना, इमेल आइडी, सम्पर्क नम्बर, लब्धाङ्क आदि स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। साथै आवेदन अस्वीकृत हुनबाट जोगिनका लागि आवेदकहरुले पोर्टलमा स्पष्ट वा पढ्न सकिने कागजपत्रका साथै हालै खिचेको पासपोर्ट साइजको फोटो पनि अपलोड गर्नुपर्नेछ।
३. राजदूतावासले छात्रवृत्ति सम्बन्धि सबै जानकारी एवम् सूचना (जस्तै सक्कल कागजातहरूको प्रमाणीकरण, उम्मेदवार चयन बारे जानकारी, छात्रवृत्ति रकम जम्मा गर्न बैंक खाता खोल्ने बारे, गाईडलाईनहरु, रिमाईन्डरहरु आदि) दर्ता भएका इमेलमा मात्र पठाउने भएकाले **भविष्यमा पत्राचार वा सम्पर्कका लागि आवेदकहरुले आफ्नो इमेल ठेगाना र पासवर्ड सुरक्षित राख्नुपर्नेछ।**
४. अनलाइन आवेदन फाराम फेरी सच्याउन नमिल्ने भएकाले अनलाइन फाराम भर्नु अघि आवेदकहरुले फाराममा उल्लिखित जानकारी वा निर्देशन ध्यान दिएर पढ्न सल्लाह दिइन्छ। आवेदकहरुले 'Acknowledgement Receipt' प्राप्त भए पश्चात फाराम बुझाइसकेको सुनिश्चितता गर्नुपर्छ।
५. आवेदन बुझाउने मितिभन्दा पछि इमेल वा हुलाक मार्फत पठाइएको कुनै पनि कागजात स्वीकार गरिने छैन।
६. आवेदकहरुलाई भारतीय राजदूतावास, काठमाडौंको शिक्षा प्रभागसँग मात्र अन्तरक्रिया/संवाद गर्न सल्लाह दिइन्छ।
७. महात्मा गान्धी छात्रवृत्ति प्राप्त गर्नेहरु कक्षा ११ मा उत्तीर्ण नभएका तथा स्वर्ण जयन्ती छात्रवृत्ति प्राप्त गर्नेहरु स्नातक तहको पहिलो वर्ष र त्यस पछिका वर्षहरुमा (दुवै सेमेस्टरहरु) उत्तीर्ण नभएका, सो वर्षदेखि छात्रवृत्तिको लागि हकदार हुने छैनन्।
८. आवेदन स्वीकार वा रद्द गर्ने तथा छात्रवृत्ति जारी राख्ने वा बन्द गर्ने अधिकार भारतीय राजदूतावासमा निहित छ।

महत्वपूर्ण जानकारी

भारतीय राजदूतावासले सिधै आवेदकहरुबाट आएको आवेदनलाई मात्र स्वीकार गर्दछ। नेपालमा रहेका कुनै शैक्षिक परामर्शदाता वा बिचौलिया वा निकाय मार्फत आएको आवेदनलाई राजदूतावासले मान्यता दिंदैन। त्यस्ता अनधिकृत निकायहरु वा व्यक्तिहरुसँग सतर्क रहन सम्पूर्ण विद्यार्थीहरुमा अनुरोध छ। त्यस्ता निकायहरु वा व्यक्तिहरुमार्फत आएको आवेदनहरु अस्वीकृत हुन सक्छन्। अनलाइन आवेदन फाराम भर्न कुनै सहायता/स्पष्टताको आवश्यकता परेमा, कृपया आफ्ना प्रश्न, जिज्ञासा (आवश्यक भएमा पूर्ण विवरण र सहायक कागजातहरु सहित) 'attacheedu.kathmandu@mea.gov.in' मा ईमेल गर्नुहोस्।

६ महिनापछि निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्छु : प्रधानमन्त्री

काठमाडौं (अन्नपूर्ण) : प्रधानमन्त्री सुशीला कार्कीले ६ महिनापछि शान्तिपूर्ण तवरले लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताएकी छन्।

शुक्रबार सिंहदरबारमा विभिन्न कूटनीतिक निकायका प्रमुख तथा राजदूतहरूलाई ब्रिफिङ गर्दै प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलनपछिको परिस्थितिमा आफूले प्रधानमन्त्री पदलाई स्वीकार गरेको भन्दै स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाचन गरेर लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताएकी हुन्।

प्रधानमन्त्री कार्कीले सरकारको सम्पूर्ण ध्यान निर्वाचनको तयारीमा केन्द्रित रहेको उल्लेख गरिन्। अस्थायी रूपमा विदेशमा रहेका नेपाली नागरिकहरूका लागि विश्वव्यापी मताधिकारको सिद्धान्तलाई क्रमश: साकार पार्न बाह्य मतदान प्रणालीको सम्भावनाको पनि खोजी गरिरहेको प्रधानमन्त्री कार्कीले बताइन्।

लोकतान्त्रिक अभ्यासको पारदर्शिता र विश्वसनीयता कायम राख्न अन्तर्राष्ट्रिय पर्यवेक्षणले महत्वपूर्ण भूमिका खेल्ने भन्दै उनले निर्वाचनको यात्रामा मित्रराष्ट्रहरूको निरन्तर सद्भाव र समर्थन हुने विश्वास व्यक्त गरेको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले जानकारी दिए। त्यस्तै, परराष्ट्र सम्बन्ध र नीतिबारे पनि प्रधानमन्त्रीले जानकारी गराएको उनले बताए।

छलफलका क्रममा प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनका क्रममा भएको हिंसात्मक घटनाको सत्यतथ्य छानबिनका लागि न्यायिक जाँचबुझ आयोग गठन गरेको जानकारी गराउँदै भ्रष्टाचारका विषयमा पनि समेत विश्वसनीय, निष्पक्ष अनुसन्धान सुरु गर्ने बताइन्।

नेपाली सेनाले भन्यो-

जेन–जी आन्दोलनमा २२ जना मात्रै प्रदर्शनकारीको मृत्यु भएको हो

काठमाडौं (अन्नपूर्ण) : नेपाली सेनाले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा मृत्यु भएका ७६ जनामध्ये २२ जना मात्रै प्रदर्शनकारी रहेको बताएको छ। शुक्रबार पत्रकार सम्मेलन गर्दै सेनाले जेन-जी आन्दोलनका क्रममा २२ प्रदर्शनकारीको मृत्यु भएको जानकारी गराएको हो। सेनाका अनुसार २३ को आन्दोलनका क्रममा २२ प्रदर्शनकारीको मृत्यु भएको हो।

सेनाका अनुसार बाँकी मृतकमध्ये ३ जना प्रहरी, १० कैदी र अन्य ४१ जना छन्। यिनीहरू भने भदौ २४ को आन्दोलनका क्रममा मृत्यु भएका हुन्। सेनाका अनुसार टिचिङ अस्पतालमा रहेका ११ वटा शवको पहिचान खुल्न सकेको छैन।

आन्दोलनका क्रममा ६८८ सरकारी कार्यालय, २५९ निजी निवास, १२८ व्यापारिक प्रतिष्ठान, १९८ राजनीतिक दलका पार्टी कार्यालय र ३०७ प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएको छ। यसैगरी, ९७८ थान हातहतियार लुटिएकोमा ५८६ वटा फिर्ता गराइएको सेनाले जनाएको छ। आन्दोलनका क्रममा १५ हजार ५८८ जना कैदीबन्दी भागेकोमा हालसम्म ८ हजार ७९९ जनालाई पुन: नियन्त्रणमा लिइसकेको छ।

बीपी प्रतिष्ठान औषधि घोटाला प्रकरण

५ सदस्यीय छानबिन समिति गठन

रत्नप्रसाद आचार्य | *सुनसरी*

बीपी प्रतिष्ठानको औषधि खरिद बिक्रीमा ५० लाख घोटाला

रत्नप्रसाद आचार्य | सुनसरी

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले सञ्चालन गरेको फार्मेसीमा ५० लाख रुपैयाँभन्दा बढीको औषधि घोटाला गरी आर्थिक अनियमितता गरिएको पाइएको छ। प्रतिष्ठानले खरिद गरेको ५ करोड ५० हजार रुपैयाँबराबरको औषधिमध्ये करिब ५० लाखबराबरको औषधि हिनामिना भएको प्रमाण फेला परेपछि प्रतिष्ठानभित्र ठूलो आर्थिक अनियमितता भएको पहना पहिलिएको छ।

प्रतिष्ठानको फार्मेसी सञ्चालन संयोजक तथा प्रतिष्ठानका निर्देशक डा. जगतनारायण प्रसाद, तत्कालीन डेपुटी निर्देशक डा. लोकेश जैसवाल, फार्मेसी इन्चार्ज लक्ष्मण महर्जन र फार्मेसीका कर्मचारी विवेक

बीपी प्रतिष्ठानको औषधि खरिद बिक्रीमा ५० लाख घोटाला भएको र १४ लाखभन्दा बढी मूल्यको औषधि म्याद सकिएको पाइएको छ। घोटालाको विवरण सार्वजनिक भएपछि प्रतिष्ठानले फार्मेसीको औषधि बिक्री तत्काल रोक लगाएको र फार्मेसी बन्द गरेको छ।

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा सञ्चालन भइरहेको फार्मेसीमा भएको औषधि घोटाला प्रकरणको छानबिन गर्न समिति गठन गरिएको छ। अन्नपूर्ण पोस्ट्मा शुक्रबार प्रकाशित करिब ५० लाख रुपैयाँबराबरको औषधि घोटाला भएको समाचारका कारण प्रतिष्ठानले छानबिन समिति गठन गरेको हो।

प्रतिष्ठानले खरिद गरेको ५ करोड ५० हजार रुपैयाँ बराबरको औषधिमध्ये करिब ५० लाखको औषधि घोटाला गरिएपछि संस्थाभित्र ठूलो आर्थिक अनियमितता भएको खुलासा भएको छ।

प्रतिष्ठानका रजिस्ट्रार सूर्यप्रसाद संग्रौलाका अनुसार औषधि हिनामिनाको घटना सार्वजनिक भएपछि दोषी पहिचान गरी कारबाही अघि बढाउन पाँच सदस्यीय विशेष छानबिन समिति गठन गरिएको छ। समितिको संयोजक हाडजोर्नी विभागका एडिसनल प्रोफेसर डा. विष्णु पोखरेल छन्।

समितिको सदस्यमा प्रतिष्ठानकै आर्थिक सल्लाहकार मनोज अधिकारी, धरान टेक्निकल कलेजका प्रिन्सिपल अमितकुमार गुप्ता, अधिवक्ता नवराज दाहाल र धरान उपमहानगरपालिकाबाट स्वास्थ्य क्षेत्र हेर्ने एक प्रतिनिधि छन्। समितिलाई १५ दिनभित्र प्रतिवेदन बुझाउने म्याद दिइएको रजिस्ट्रार संग्रौलाले जानकारी दिए।

प्रारम्भिक छानबिनमा तत्कालीन अस्पताल निर्देशक डा. जगतनारायण प्रसाद, डेपुटी निर्देशक डा. लोकेश जैसवाल, फार्मेसी इन्चार्ज लक्ष्मण महर्जन, कर्मचारी विवेक दाहाल र फार्मेसी सञ्चालनको ठेक्का पाएको केटीएम सेक्युरिटी प्रालिका प्रतिनिधिहरूको संलग्नता देखिएको छ।

फार्मेसीमा ३६ लाखबराबरको औषधि हराएको, ४ लाखको हिसाब गडबडी फेलिएको र सो घोटालामा प्रतिष्ठानले फार्मेसीका सञ्चालनका लागि कर्मचारी आपूर्ति गर्ने ठेक्का पाएको केटीएम सेक्युरिटी प्रालिको समेत संलग्नता देखिएको छ।

प्रतिष्ठानका रजिस्ट्रार सूर्यप्रसाद संग्रौलाले फार्मेसीका करिब ५० लाख रुपैयाँबराबरको औषधि घोटाला भएको पुष्टि गर्दै दोषीमाथि कारबाही अघि बढाउने बताए। उनले भने, 'सम्भावित कर्मचारीलाई निलम्बन गरेर छानबिन अघि

यसको कारण हजारौं बिरामी समस्यामा परेका छन्। बिरामीहरूले बाहिरी मेडिकलबाट महँगो मूल्यमा औषधि किन्नुपर्ने बाध्यता भोगिरहेका छन्। औषधि पाउने सुविधाबाट स्वास्थ्य बिमाका सेवाग्राहीहरू पनि प्रभावित छन्।

प्रतिष्ठानमा डा. विक्रमप्रसाद श्रेष्ठ नयाँ उपकुलपति नियुक्त भएसँगै प्रतिष्ठान सुधारको पहल र गलत गर्ने कर्मचारी माथि कानुनी दाहेरामा ल्याउने काम थालिएको छ। प्रतिष्ठानले अनियमितता नियन्त्रण र पारदर्शिता सुनिश्चित गर्ने अभियान थालेको बताएको छ। रजिस्ट्रार संग्रौलाले भने, 'गलत गर्ने जोकोहीले पनि उन्मुक्ति पाउने छैन।' यस कदमले प्रतिष्ठान सुधारतर्फ अघि बढ्ने जनविश्वास छ।

छानबिन समितिको गठनसँगै फार्मेसी इन्चार्ज महर्जन र कर्मचारी दाहाललाई जिम्मेवारीबाट हटाइएको छ। छानबिन समितिका संयोजक डा. पोखरेलले छानबिन तीव्र गतिमा बढाई तोकिएको १५ दिनभित्र प्रतिवेदन बुझाइने बताए।

यो कदमले स्थानीयवासीले प्रतिष्ठानका दोषीलाई कानुनी कारबाही गर्दै बिरामी सेवामा सुधार ल्याउने अपेक्षा व्यक्त गरेका छन्।

एमालेमा...

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितका पदाधिकारीले पनि त्यसमा समर्थन जनाएका थिए। अध्यक्ष ओलीले पार्टीभित्र अनुशासन कायम गर्न नसकिएको स्वीकार गर्दै आत्मालोचना पनि गरे। उनले भने, 'पार्टीमा अनुशासन कायम गर्न सकिएन। नेताहरूले पनि अनुशासन तोडे, त्यसलाई नियन्त्रण गर्न सकिनँ। अध्यक्षका रूपमा त्यो कमजोरी स्वीकार गर्छु।'

उनले विचार र दृष्टिकोणमा मतभेद स्वाभाविक हुने उल्लेख गर्दै संगठनात्मक शिष्टताभित्र राख्न सके पार्टी अझ सबल बन्ने विश्वास व्यक्त गरे। साथै उनले सरकार आफूविरुद्ध कानुनी र राजनीतिक षड्यन्त्र गरिरहेको दाबीसमेत गरे, 'यो सरकारले मलाई पटक-पटक थुन्ने तयारी गरिरहेको छ,' उनले भने।

प्रतिनिधिसभा पुन:स्थापना मुख्य माग

एमालेले आगामी निर्वाचन सम्भव नभएकाले विघटित प्रतिनिधिसभा पुन:स्थापना नै लोकतान्त्रिक बाटोमा फर्किने एकमात्र विकल्प भएको निष्कर्ष निकालेको छ। केन्द्रीय समिति बैठकले असंवैधानिक र अलोकतान्त्रिक ढंगले विघटन गरिएको प्रतिनिधिसभा पुन:स्थापना गर्न माग गर्दै ठोस राजनीतिक निर्णय गरेको हो। यो निर्णयमा उपाध्यक्ष युवराज ज्ञवालीले फरक मत राखे भने उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले त्यसमा समर्थन जनाइन्।

अध्यक्ष ओलीले भने, 'हामी आन्दोलनमा जान्छौं। नहुने चुनावमा कसरी भाग लिने?' बैठकले ओलीद्वारा प्रस्तुत 'मुलुकको राजनीतिक परिस्थिति र हाम्रो नीति' शीर्षक विशेष प्रस्ताव पनि पारित गरेको छ। एमालेका अनुसार निर्वाचन हुन नसक्ने र संसद् विहीन अवस्थामा देशमा राजनीतिक रिक्तता र अस्थिरता गहिरिने खतरा छ। त्यसैले संविधानका पक्षधर सबै शक्ति, संसद्-दल, लोकतान्त्रिक नागरिक र आम जनतालाई संवाद र सहकार्यका लागि पार्टीले आह्वान गरेको छ।

त्यसैगरी, विगतमा पार्टी निर्माणमा योगदान पुऱ्याएका तर विभिन्न कारणले बाहिर रहेका नेता-कार्यकर्तालाई पनि एमालेले 'घर फर्किन' आह्वान गरेको छ।

युवाको हत्या 'असामान्य'

एमालेले जेन-जी आन्दोलनका क्रममा भएको हिंसा र जनधन क्षतिप्रति दु:ख प्रकट गर्दै नवयुवाहरूलाई शान्तिपूर्ण बाटो अपनाउन आह्वान गरेको छ। पार्टीले भनेको छ, 'शान्तिपूर्ण आन्दोलनभित्र घुसपैठ र दुरुत्साहनमार्फत जसरी निहत्था युवाहरूको हत्या भयो, त्यो सामान्य सुरक्षा कमजोरी मात्रै होइन।'

बैठकले उक्त घटनाको स्वतन्त्र, निष्पक्ष र गम्भीर छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेको छ। एमालेले सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा स्वतन्त्र छानबिन समिति गठन गर्नुपर्ने आग्रह पनि गरेको छ। एमालेले घटनामा परी ज्यान गुमाउने युवाहरू, सुरक्षाकर्मी र नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

११औं महाधिवेशन मंसिरमा पोखरामा

एमालेले पार्टीको ११औं महाधिवेशन मंसिर २७ देखि २९ गतेसम्म पोखरामा गर्ने निर्णय गरेको छ। प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार तीन दिन चलेको केन्द्रीय समिति बैठकले उक्त निर्णय गरेको हो। एमालेको १० औं महाधिवेशन २०७८ मंसिरमा चितवनमा भएको थियो।